नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (स्रोत परिचालन समन्वय शाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं. ०१-४२००२८३
फ्याक्स नं. ०१-४२००३३६

प.सं. २०७५/०७६
च.न. ०६

मिति : २०७५।४।४

श्री वीरगञ्ज महानगरपालिका

वीरगञ्ज, पर्सा ।

**विषय : सवारी साधन प्रबेश शुल्क र पेट्रोलियम पदार्थको विक्रेतालाई लगाइएको शुल्क सम्बन्धमा ।**

प्रस्तुत विषयमा अर्थ मन्त्रालय (अन्तर सरकारी वित्त व्यबस्थापन महाशाखा)को प.सं. ०७५।७६ च.नं. ३ मिति २०७५।४।३ को पत्रबाट त्यस महानगरपालिकाले महानगरमा प्रबेश गरी अन्यत्र ढुवानी हुने सबै प्रकारका सवारी साधन (मालबाहक, इन्धनबाहक तथा अन्य) मा लगाएको प्रबेश शुल्क र महानगर क्षेत्रमा विक्री बितरण हुने पेट्रोलियम पदार्थमा प्रति लिटर रु ०।२५ (पच्चीस पैसा) का दरले शुल्क असूल गर्ने गरी गरिएको व्यबस्था नेपालको संविधान र अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ प्रतिकूल भएकोले उक्त व्यबस्थाहरु कार्यान्वयन नगराउन र प्रचलित कानुन र संविधान प्रतिकूल हुने कर/महशुल/शुल्क असूल नगर्न, नगराउन लेखी आएको छ ।

नेपालको संविधान र प्रचलित कानून बमोजिम गाउँपालिका वा नगरपालिकाले सम्पत्ति कर, भूमीकर (मालपोत), घरजग्गा बहाल कर, व्यबसाय कर, जडिबुटी, कवाडी, जीवजन्तु कर तथा बहाल बिटौरी शुल्क, पार्किङ्ग शुल्क र सेवा शुल्क दस्तुर उठाउन सक्ने व्यबस्था छ । त्यसैगरी अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, मनोरञ्जन कर र विज्ञापन कर प्रदेशद्वारा निर्धारित दरमा स्थानीय तहबाट उठाई प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने र सवारी साधन कर प्रदेशले उठाई स्थानीय तहसंग बाँडफाँट हुने व्यबस्था छ ।

तसर्थ, संवैधानिक र कानुनी व्यवस्थाको मनोगत व्याख्या गरी उठाइने जुनसुकै कर, शुल्क नेपालको संविधान र प्रचलित कानून प्रतिकुल हुने हुँदा आन्तरिक स्रोत अभिबृद्धिका लागि संविधान तथा प्रचलित कानून बमोजिम प्राप्त क्षेत्राधिकार भित्रका स्रोतहरुको प्रभावकारी परिचालन गर्ने व्यबस्था मिलाई संवैधानिक र कानूनी व्यबस्था विपरित हुने गरी कुनै पनि कर/महशुल/शुल्क नउठाउनु हुन नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।४।४ को निर्णयानुसार अनुरोध छ ।

२०७५।४।५

(विष्णुदत्त गौतम)
उप सचिव

बोधार्थ :

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, सिंहदरबार ।
श्री नगरपालिका/गाउँपालिकाहरु (सबै ७५२) : आवश्यक जानकारी तथा कार्यान्वयनको निमित्त ।
श्री सूचना तथा प्रविधि शाखा : वेभ साईटमा अपलोड गरिदिनु हुन ।